विपद् संवेदनशील सामाजिक सुरक्षा योजना

(Shock Responsive Social Protection Plan)

२०७९–८२

बिजयनगर गाउँपालिका

कपिलवस्तु, लुम्बिनी प्रदेश

नेपाल

सन्देश तथा कृतज्ञता ज्ञापन

बाढी, डुबान, शीतलहर, हुरीबतास, असिना र आगलागी तराईका साझा प्राकृतिक प्रकोपहरु हुन् । बर्षेनी हुने बाढी, डुबान, तथा शीतलहरबाट यस गाउँपालिका ब्यापक जनधनको क्षति र बिपद्को कहर सबै बिच सर्वबिदितै छ । यस परिप्रेक्ष्यमा बाढी, शीतलहर, सडक दुर्घटना, कोभिड–१९ तथा आगलागी लगायतका बिपद्बाट कोही कसैले अकालमा मृत्युवरण गर्न नपरोस भनी संघीय सरकारबाट स्थानिय तहहरुलाई बिपद् ब्यवस्थापनका लागि आवश्यक योजना निर्माणका लागी निर्देशन भएको छ । यद्यपी पर्याप्त स्रोत तथा भौतिक पुर्वाधारको यथोचित उपलब्धताको कमीले बिपद् ब्यवस्थापनमा आशातित प्रगती हासिल गर्न सकिएको छैन । यी सबै परिस्थितीका बावजुद उपलब्ध श्रोत र साधन, मानव संसाधनको उच्चतम उपयोग र सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरु बीच समन्वय र सहकार्य गरी न्युनतम स्तरमा जीविका गुजारा गरीरहेका समुदाय, महिला, वृद्ध, गर्भवती महिलाको जीवन रक्षा गर्नु र भौतिक सम्पत्तिको क्षति हुन नदिनु राज्यको दायित्व हो ।

बिपद् तथा प्राकृतिक प्रकोपबाट धनजनको क्षति न्युनीकरणको लागी सरोकारवाला निकायहरु संग विस्तृत छलफल गरी बिपद् ब्यवस्थापन्को योजना तर्जुमा, कार्यान्वयन, मुल्यांकन, तथा पुनरावलोकन प्रणाली भरपर्दो र समयानुकुल हुनु जरुरी छ । यसै आवश्यकतालाई पुर्ति गर्नका लागी स्थानिय तहहरुमा जारी सामाजिक सुरक्षाका कार्यक्रमलाई विपद् संवेदनशील बनाई कार्यान्वयन गर्न सके त्यसले बिपद् ब्यवस्थापनमा एउटा नयाँ आयाम थप्न सक्छ जस्तो लाग्छ । यसै आवश्यकतालाई महसुस गरी सबै सरोकारवाला र गाउँपालिकाको सहकार्यमा स्थानिय स्तरको विपद् संवेदनशील सामाजिक सुरक्षा योजना तर्जुमा गरिएको छ । यसले विगतका कमी कमजोरीहरुबाट पाठ सिकेर आगामी दिनहरुमा बिपद् ब्यवस्थापनका साथसाथै सामाजिक सुरक्षाको क्षेत्र भित्र पनि यसका नया नया आयामहरुको खोजी, अनुसन्धान र कार्यान्वयन गर्दै एउटा उत्थानशिल समाज निर्माण गर्नका लागी यो दस्तावेज सहायक सिद्ध हुने विश्वास लिएको छु ।

यो योजना निमार्ण गर्ने कार्यमा सहयोग पुरयाउने संपुर्ण बिपद् ब्यवस्थापन समितीका सदस्यहरु, राजनैतिक दलहरु, सामाजिक संघसंस्थाहरु, नागरीक समाज, डिएसडिसी कपिलवस्तु लगायतका संग सहकार्य गरी सहयोग गर्ने केयर नेपाल र प्राविधिक सहयोग गर्ने विज्ञ परामर्शदाताहरुलाई समेत आभार एवम धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत विपद् संवेदनशील सामाजिक सुरक्षा योजना, बिपद् जोखिम न्युनीकरण, प्रतिकार्य तथा पुर्नलाभमा सहयोगी हुने बिश्वास लिएको छु ।

धन्यवाद

.....

अध्यक्ष,

बिजयनगर गाउँपालिका,

कपिलवस्तु, नेपाल

दस्तावेजः विपद् संवेदनशील सामाजिक सुरक्षा योजना, २०७९,

बिजयनगर गाउँपालिका, कपिलवस्तु

सर्वाधिकार : बिजयनगर गाउँपालिका, कपिलवस्तु

सहकार्यः केयर नेपाल र दलित सामाजिक विकास केन्द्र (DSDC), कपिलवस्तु

प्राविधिक परामर्शदाताहरुः राम कुमार गुरुंग र राजु थापा

विषय सूची

खण्ड - १ : प्रारम्भिक परिचय

१.१ परिचय ५
१.२ बिजयनगर गाउँपालिकाको परिचयः ६
१.३ योजनाको उद्देश्य ७
१.४ योजनाको आवश्यकता तथा महत्व ७
१.५ योजनाका सीमा ८
१.६ योजना निर्माण प्रक्रिया विधि ८
१.७ योजना कार्यान्वयन रणनीति १०
१.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन १०

खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण ११
२.२ जोखिम तथा समस्या विश्लेषण ११
२.३ गाउँ तथा वडाको सङ्कटासन्नता स्तरीकरण १२
२.४ गाउँपालिकाको क्षमता विश्लेषण १३

खण्ड - ३ : विपद् संवेदनशील सामाजिक सुरक्षा योजना

३.१ नेपालमा सामाजिक सुरक्षा प्रणाली १४
३.१.१ बिजयनगर गाउँपालिकाको सामाजिक सुरक्षा भत्ताको अवस्था १४
३.२. विपद् संवेदनशील सामाजिक सुरक्षा योजनाः १६
३.३ प्रक्रियाहरु १६
३.४ विपद् संवेदनशील प्रतिकार्यका विधीहरु १७
३.५ विपद् संवेदनशील सामाजिक सुरक्षा योजना १९
३.६ कार्यशाला गोष्ठीको फोटाहरु २४

विपद् संवेदनशील सामाजिक सुरक्षा योजना
(Shock Responsive Social Protection Plan)

बिजयनगर गाउँपालिका कपिलवस्तु

खण्ड - १ : प्रारम्भिक परिचय

१.१ परिचयः

विभिन प्रकारका विपद्हरु जस्तै बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी एवं जलबायु परिवर्तन जस्ता विविध प्रकृतिका प्रकोपका घटनाहरुबाट नेपाल संकटासन्न अवस्थामा रहेको छ । यस्का अतिरिक्त नेपालमा कोभिड" जस्ता नयाँ प्रकृतिका महामारी, औधोगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेका छन् । यसरी नेपालले वर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहेको छ । केहि तथ्य र तथ्यांकहरूका आधारमा नेपाल विश्वमा विपद् जोखिम्को नक्शांकनमा बिसौ स्थानमा रहेको छ भने नेपाललाई बाढी र पहिरो जस्ता जलजन्य प्रकोपको दृष्टिकोणबाट तीसौ स्थानमा राखिएको छ ।

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित वसाई सराई जताभावी वन फडानी तथा अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडापखाला, अनिकाल, आगलागी र भूकम्प जस्ता घटनाबाट हजारौ मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । विपद्ले एकातर्फ मानिसको मृत्यु तथा उत्पादन साधनहरूको विनास गराएर तुरुन्तै गरिवीको सिर्जना गर्दछ भने अर्कोतर्फ अत्यधिक जोखिममा रहका क्षेत्रहरूमा मानिसहरूबाट गरिने अतिक्रमणबाट गरिवीले विपद्लाई झन तीव्र पार्दछ । गरिव समुदाय प्रकोपका कारण बिस्थापित भएपछि पुनः प्रकोप हुनसक्ने जोखिमपूर्ण स्थानमै बस्न बाध्य हुन्छन् । बाढी तथा पहिरो नेपालमा सबैभन्दा बढी दोहोरिइरहने प्रकोपहरू हुन् । हरेक वर्ष औसतमा करिव १ अर्व २० करोड ८० लाख बराबरको सम्पत्तिको प्रत्यक्ष क्षति नेपालले व्यहोर्नु परेको देखिन्छ । सबै असरहरूको क्षति तथा सेवाको अभाव एवं तिनका परिमाणहरूका दृष्टिबाट जोडिएर आउने अप्रत्यक्ष क्षति माथि उल्लेखित सम्पतिको तुलनामा कयौं गुणा बढी भयावह तथा दीर्घकालीन प्रभाव पार्न सक्ने हुन्छ ।

त्यस्तै गरी सामाजिक सुरक्षा भन्नाले न्यून आय वा आय कल्याणकारी राज्यको अवधारणात्मक विकाससँगै विश्वमा सामाजिक सुरक्षा तथा संरक्षणका उपायहरू अवलम्बन हुँदै आएको छ । यसलाई राज्यको तर्फबाट नागरिक माथिको दायित्व निर्वाहको रूपमा विश्वले अवलम्बन गर्दै आएको छ । गरिबी, बञ्चितीकरण, जोखिममा परेका र सामान्यतया अरूको सहायता नलिई जीवनयापनमा कठिनाइ पर्ने व्यक्ति तथा परिवारलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विपद्को असर तृलनात्मक रूपमा गरिब तथा अन्य किसिमले जोखिममा रहेका व्यक्ति तथा समुदाय (जस्तै महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति) मा बढी पर्दछ । विपद् जोखिम सम्वेदनशील सामाजिक सुरक्षाले विपदपूर्व जोखिम न्यूनीकरण तथा सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्नुका साथै विपद् पश्चात सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा आर्थिक सहायता परिचालनको व्यवस्था गर्न सहयोग गर्दछ । नेपालको संविधानले नागरिकका अधिकारका रूपमा सामाजिक संरक्षणलाई व्याख्या र परिभाषित गरेको छ । संविधानमा उल्लेखित मौलिक हकका विषयहरु प्रत्यक्ष अप्रत्यक्ष रुपमा सामाजिक सुरक्षा र संरक्षणसँग सम्बन्धित छन् । राज्यले विगत लामो समयदेखि देश भित्र सामाजिक संरक्षणका कार्यक्रमहरू

सञ्चालन गर्दै आइरहेको छ । सामाजिक संरक्षण सञ्जालले मुलुक भित्र व्याप्त गरिबी, असमानता र विभिन्न किसिमका जोखिममा पर्न सक्ने नागरिकहरूलाई आर्थिक-सामाजिक सुरक्षाको छाता प्रदान गर्दछ । सामाजिक संरक्षणका एकीकृत कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, सरसफाई देखि जीवनस्तर सुधारसम्म योगदान गर्छन् । यसले मुलुकभित्र प्रभावकारी गरिबी न्यूनीकरण, लैङ्गिक तथा सामाजिक समानता सहित अति कमजोर वर्गका लागि समन्यायिक र समतामूलक समाज निर्माण गर्न तथा प्राकृतिक विपद्हरू सहित आइपर्ने कूनै पनि आघातबाट सुरक्षा प्रदान गर्दछ ।

१.२ बिजयनगर गाउँपालिकाको परिचयः

कपिलवस्तु जिल्ला बिभिन्न बिपद र तिनले निम्त्याउने संकटको नजरले हेर्दा बिपद प्रभाबित जिल्ला मध्ये एक हो । पहाड, तराई र भित्रि मधेश क्षेत्र रहेको यो जिल्ला बिषमतामा एकता पनि हो । हावापानी, जातजाती तथा भौगोलिक बिषमता भित्र समुदायहरु एक आपसमा मिलेर रहेको देखिन्छ । बिभिन्न खालको बिपदहरु बेला बेलामा आउने गरेको भए पनि बाढी तथा डुबान जस्ता बिपदले प्रत्येक बर्ष यो जिल्लाको खासगरि दक्षिणी भेग भारतसंग सिमाना जोडिएका क्षेत्रहरु प्रभावित हुने गरेको पाईन्छ ।

विजयनगर गाउँपालिका लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित छ । स्थानिय तहको पुर्नसंरचनामा यो गाउँपालिका साविक गुगौली, पत्थरदेइया, खुरुहुरिया र गणेशपुर गा.वि.सहरु मिली बनेको गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका पश्चिममा दाँङ्ग जिल्ला तथा छिमेकी मुलुक भारत उत्तरमा दाङ्ग जिल्ला तथा दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन् । विक्रम सम्बत २०७८ को जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा ६३६१ घरसंख्या, ७१४४ परिवार संख्या र जनसंख्या ४३४४० रहेको छ । जसमध्ये २१५६२ जना पुरुष र २१८७८ जना महिला छन् । २५०.८ जनघनत्व रहेको यस पालिकाको ७१४४ परिवार मध्ये ५८९ परिवार (८.२%) बाढी, नदी कटान, आगलागि, महामारी, शीतलहर, सर्पदंश आदि विभिन्न किसिमका प्रकोपहरुबाट प्रभावित रहेका छन । यो गाउँपालिका १७३.१९वर्ग कि.मी.मा फैलिएको छ ।

विजयनगर गाउँपालिकामा विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ, जसमध्ये मुख्य रुपमा मधेसी, ब्राहमण, क्षेत्री, मुस्लिम, दलित तथा जनजाति पर्दछन र धार्मिक रुपमा हिन्दु धर्म मान्ने संख्या अधिक छ भने धार्मिक अल्पसंख्यकका रुपमा मुस्लिम धर्मावलम्वीहरुको पनि बसोबास छ । यहाँको मुख्य पेशा कृषि हो भने व्यापार व्यवसाय, नोकरी र बैदेशिक रोजगार सहायक पेशाहरु हुन ।

विजयनगर गाउँपालिकामा ३१ वालविकास केन्द्र सहित जम्मा ८३ वटा शैक्षिक संस्थाहरु छन् । यी मध्ये सामुदायिक विद्यालय २६ वटा, धार्मिक विद्यायलय(मदरसा) १७ वटा र निजि विद्यालय ९ वटा छन् । यस गाउँ पालिकामा ५ वटा स्वास्थ्य संस्थाहरु रहेका छन । यी मध्ये ५ वटा विद्यालय र ५ वटा स्वास्थ्य संस्थाहरु विपदको समयमा आश्रय स्थल र स्वास्थ्य सेवा प्रवाहको लागि उपयोगमा ल्याउन सकिन्छ ।

यस गाउँपालिकामा १३ वटा सामुदायिक वन र १ वटा साझेदारी वन रहेका छन । यस गाउँपालिकामा साना ठुला गरी ३६ भन्दा बढी तालतलैयाहरु रहेका छन, ति मध्ये ३० वटा १ हेक्टर भन्दा बढी क्षेत्रफलका रहेका छन् । सुरइ नर्दी, चिरई नदी, बिसउवा खोला, भटनी खोला तथा अर्रा नदी यस पालिकाका मुख्य नदीहरु हुन । वर्षाको समयमा यी नदीहरुबाट बाढी आउने तथा खेति योग्य जमीन कटान तथा पटान हुने हुँदा धेरै जनधनको क्षति हुने गर्छ ।
नदी किनारमा रहेका खाली जग्गा, बालुवा, गिट्टी, ढुंगा आदि प्राकृतिक स्रोतको रुपमा रहेका छन ।

गाँउपालिकाको जम्मा घरधुरी तथा जम्मा जनसंख्याको विवरणः

जम्मा घरधुरी	जम्मा जनसंख्या	पुरुष	महिला
६,३६१	४३,४४०	२१,५६२ (४९.६३%)	२१८७८ (५०.३६%)

श्रोतःकेन्द्रिय तथ्यांक विभाग, (२०७८ जनगणनाको प्रारम्भिक नतिजा)

बिजयनगर गाउँपालिकाको हाल कायम भएको राजनीतिक तथा प्रशासनिक विभाजन



१.३ योजनाको उद्देश्य :

सामाजिक सुरक्षा व्यवस्था सामान्य तथा विपद्, दुवै समयमा प्रभावकारी भएको कुरा अध्ययनले बताउँछ । आवश्यकता अनुसार सामाजिक सुरक्षा प्रणालीलाई स्थानिय आवश्यकता अनुसार परिमार्जित गर्दै लान सकिन्छ । विजयनगर गाउँपालिकाको हकमा विभिन्न शीर्षकहरुमा उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ताले सम्बन्धित व्यक्तिको दैनिक खाद्य तथा पोषण, औषधोपचार र पर्वहरुका लागि चाहिने खर्चलाई मदत पुऱ्याएको देखिन्छ । तर भत्ताहरुको प्रयोग बाढी तथा सितलहर जस्ता नियमित प्रकोपले निम्त्याउने विपदको सामना गर्न कसरी प्रयोग भइरहेको छ भन्ने विषयमा अध्ययन गर्नु जरुरी देखिन्छ । यसै गरी सामाजिक सुरक्षा भत्ताको परिधिभित्र नपरेका तर कमजोर सामाजिक अवस्था र जलवायु परिवर्तनको प्रभाव लगायत अन्य प्राकृतिक प्रकोपबाट सिर्जित बाढी तथा डुबानको प्रभावको सामना गर्न आवश्यक नगद तथा जिन्सीमा आधारित सहयोग योजना नभएको अवस्थामा यस योजनाको मुख्य उद्देश्य निम्न अनुसार रहेको छ:

- विध्यमान सामाजिक सुरक्षा कार्यक्रमलाई विपद् व्यवस्थापन संग जोडेर विकासका योजना तथा क्रियाकलापहरु विपद् संवेदनशील (Shock Responsive) बनाउन आअश्यक नीति तथा कार्यविधीहरुको निर्माण गर्नु
- विपद् संवेदनशील (Shock Responsive) बनाउनहाल सञ्चालित सामाजिक सुरक्षा भत्ताको तथ्यांकलाई (database) नियमित रुपमा अद्यावधिक गरी भत्ता वितरण प्रणालीलाई प्रभावकारी बनाउनु ।
- सञ्चालित सामाजिक सुरक्षा भत्ता प्रणालीलाई आवश्यकता अनुसार नीतिगत परिमार्जन गरी विपद् संवेदनशील (Shock Responsive) बनाउन सहजीकरण गर्नु ।
- बाढी तथा डुवानको जोखिममा रहेका घरधुरीहरु पहिचान गरी उनिहरुलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउन छुट्टै तथ्यांङ्कको (Database) निर्माण गर्नु ।
- सामाजिक सुरक्षा प्रणाली मार्फत विपद् प्रतिकार्यका लागि नगद स्थानान्तरण कार्यक्रम (Cash transfer programming) प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गर्नु ।

१.४ योजनाको आवश्यकता तथा महत्व

बिभिन्न बिपद्हरुलाई विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरूमा विध्यमान सामाजिक सुरक्षालाई समाहित गरी व्यवस्थित गर्नका लागि स्थानिय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा

निरन्तर यो योजना कार्यान्वयन हुन्छ । विपद्को घटना मानव समुदायका लागि संवेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुंदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ । त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । गाउँपालिका स्तरीय विपद् संवेदनशील सामाजिक सुरक्षा योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टी गर्दछ :

- गाउँपालिका स्तरमा विपद् संवेदनशील सामाजिक सुरक्षा संबन्धि नीति तथा योजना तयार हुने ।
- सामाजिक सुरक्षालाई विपद् जोखिम न्यूनीकरण संगै लान सकिने बाटो खोलिने।
- विपद् संवेदनशील सामाजिक सुरक्षाको अवधारणालाई अगालेर गाउँपालिका बाट निर्माण हुने विकासका योजनाहरुलाई विपद्को दृष्टिकोणले विपद्को समयमा श्रोत र लाभग्राहीलाई विस्तार गर्नलाई लचिलो बनाउन सकिने।
- गाउँपालिका स्तरमा विपद् संवेदनशील सामाजिक सुरक्षा संबन्धि एउटा संस्थागत संरचना तयार हुने ।
- विपद् संवेदनशील सामाजिक सुरक्षा योजनाको कार्यान्वयन पश्चात मानविय प्रतिकार्य चुस्त, दुरुस्त, लागत प्रभावी र प्रभावित समुदायले मर्यादित तथा आफुले रोजेका उपभोग्य वस्तुहरु प्राप्त गर्न सक्ने ।
- विध्यमान सामाजिक सुरक्षा विपद् जोखिम न्यूनीकरणमा समाहित हुने ।
- नगद हस्तान्तरणको अवधारणा कार्यान्वयन हुने ।
- गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण संबन्धि सूचनाको उपलब्धता र पहुँच रहने ।
- गाउँपालिकामा विपद् संवेदनशील तयारी/प्रतिकार्य समूहहरू निर्माण हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने ।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका धेरै उपायहरु मध्ये सामाजिक सुरक्षालाई पनि कार्यावयनमा ल्याउन सकिने ।
- समुदायमा आधारित पूर्वचेतावनी प्रणालीहरूको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्धत पुग्ने ।
- यस योजनाले विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्नमा सामाजिक सुरक्षाको प्रयोगलाई एउटा भरपर्दो विकल्पको रूपमा सोच्न सकिने ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँछ ।
- योजनाले विपद्को समयमा मानवीय सहयोगको क्रममा सामाजिक सुरक्षालाई व्यवस्थित गर्ने एउटा विकल्प दिन्छ ।
- विपद्को समयमा प्रभावित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

१.५ योजनाका सीमा :

हरेक योजना तथा कार्यक्रमहरूका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि महत्वका साथै सीमा पनि निम्नअनुसार रहेका छन् :

- योजनाको कार्यान्वयन स्थानीय निकायहरूले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गको रूपमा गर्ने भएकाले विकास-निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् ।
- यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक रूपमा जनशक्ति तयार र प्रणाली स्थापना गर्न समय लाग्नेछ ।
- यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

१.६ योजना निर्माण प्रक्रिया विधि :

यो योजना तर्जुमा गर्दा गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन निम्नअनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन् :

- **योजना निर्माणमा गाउँपालिकाको छनोट :** गाउँपालिका तथा सरोकारवाला सघं सस्थाहरु सँग समन्वय गरी दलित सामाजिक विकास केन्द्र (DSDC), कपिलवस्तु र केयर नेपालले यस विजयनगर गाउँपालिकाको छनोट गरेको थियो ।
- **प्रारम्भिक भेला, गाउँपालिकाको कार्यालय र गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिमा छलफलः :** गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा सम्पूर्ण निर्वाचित जन प्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधी, स्थानीय बुद्धीजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा यस विपद संवेदनशील सामाजिक सुरक्षाको बारेमा अभिमुखीकरण गरी यस बिषयमा ब्यापक छलफल गरी योजना निर्माण गर्ने निर्णय गरिएको थियो ।
- गाउँपालिका स्तरीय विपद संवेदनशील सामाजिक सुरक्षा योजना बनाउने विषयमा दलित सामाजिक विकास केन्द्र (DSDC), परामर्शदाता र तथा विजयनगर गाउँपालिका तथा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा अन्य स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरू सँग छलफल गरी वडा तथा गाउँपालिका स्तरीय योजना बनाउने कार्यमा सहमति भएको थियो ।
- **योजना निर्माण अभिमुखीकरण** : स्थानीय गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति, सामाजिक विकास केन्द्र (DSDC), र केयर नेपालको सहजीकरणमा अभिमुखीकरण गरिएको थियो । यस अभिमुखीकरणमा सहभागिहरूलाई परामर्शदाताहरुबाट विपद् जोखिम व्यवस्थापन तथा सामाजिक सुरक्षालाई एक ठाउँमा ल्याई विपद् संवेदनशलि सामाजिक सुरक्षा, त्यसको महत्व र आवश्यकता सम्बन्धी आधारभूत विषय बस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा बुझाई, र कसरी विध्यमान सामाजिक सुरक्षा कार्यक्रमले विपद् जोखिम व्यवस्थापन गर्नमा सहयोग गर्न सक्छ भन्ने वारे छलफल गरिएको थियो ।
- **गाउँपालिका स्तरीय सूचना संकलन (विपद् तथा सामाजिक सुरक्षा):** गाउँपालिका स्तरीय विपद् संवेदनशील सामाजिक सुरक्षा योजना निर्माणका क्रम तथा वडा स्तरीय सूचना तथा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरूबाट सहभागितामूलक रूपमा सूचनाको संकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरू, गाउँपालिकामा हुने प्रकोपहरू तथा सामाजिक सुरक्षा कार्यक्रम र उक्त कार्यक्रमको संपूर्ण लाभग्राहीहरुको विवरण आदि संकलन गरिएको थियो । उक्त सूचनालाई गाउँपालिका स्तरीय विपद् व्यवस्थापन

समितिमा छलफल तथा पुनरावलोकन समेत गरी गाउँपालिका स्तरीय सूचना संकलन गरिएको थियो साथै विपद् संबन्धि अन्य महत्वपूर्ण सूचनाहरु स्थानिय विपद् तथा जलवायु उत्थालशील योजनाबाट पनि साभार गरियो ।

- **योजनाको खाका लेखन कार्यः** सहभागिबाट आएको सूचना तथा योजना निर्माणका क्रममा गाउँपालिकाबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र गाउँपालिकाको सामाजिक सुरक्षाका सूचनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन तथा विपद् संवेदनशील सामाजिक सुरक्षा विज्ञ तथा परामर्शदाताहरुबाट विपद् व्यवस्थापन समितिको सहयोगबाट योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।
- **गाउँपालिका स्तरीय योजना बैठकः** योजना निर्माण गर्नको लागि बैठक संचालन गरिएको थियो । सहभागीतामूलक रूपमा विभिन्न प्रकोपको असरहरू कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के-के कार्य गर्ने, विपद् भै हालेको अवस्थामा के-के कार्यहरू गर्ने र विपद् पश्चात के-के कार्य गर्ने भन्ने सर्न्दभमा विस्तृत छलफल तथा समुह कार्य गरिएको थियो । सहभागिहरूबाट तथा गाउँपालिकाबाट आएको सूचनाको आधारमा विजयनगर गाउँपालिकाको गाउँपालिका स्तरीय विपद् संवेदनशील सामाजिक सुरक्षा योजना तयार गरिएको थियो ।
- **योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठीः** योजनालाई गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिमा प्रस्तुती गरी योजनामा थप्नु पर्ने बुंदाहरू र आवश्यक सल्लाह सुझाव समेटिएको थियो ।
- **योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारीः** योजना निर्माणका लागि गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागिहरूबाट आएको सुझावलाई पनि समेटेर विपद् संवेदनशील सामाजिक सुरक्षा योजनाको तयारी कार्य सम्पन्न गरिएको थियो ।

१.७ योजना कार्यान्वयन रणनीतिः योजनाले निर्धारण गरेका कार्यक्रम के-कसरी कार्यान्वयन गर्नु, गाउँपालिका तथा गाउँपालिकाको वार्षिक कार्यक्रमअन्तर्गत बजेट व्यवस्था गरिनुको अलवा समुदाय, सरोकारवालाको परिचालन कसरी गरिन्छ भन्ने विषयलाई प्रष्ट पार्ने ।

१.७.१**योजनाको स्वीकृतिः** परामर्शदाताहरुको प्राविधिक सहयोमा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट तयार भएको गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजनालाई गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँ परिषद्बाट स्वीकृत गराईने छ ।

१.७.२ **बजेट व्यवस्थाः**

- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाउँपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।
- योजना कार्यान्वयनको लागि गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापनमा पहल गर्नेछ ।

१.७.३ **योजना कार्यान्वयनः**

- गाउँपालिकाले स्वीकृत विपद् संवेदनशलि सामाजिक सुरक्षा योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनेछन् ।
- गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

१.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन : गाउँपालिकाले यस योजनाको नियमित अनुगमन, मूल्याङ्कन गर्नु पर्नेछ, र त्यसको आधारमा प्रत्येक ३ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गर्नुपर्नेछ ।

- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा विपद् संवेदनशील सामाजिक सुरक्षा योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
- गाउँपालिका स्तरमा गठित अनुगमन समितिले विपद् संवेदनशलि सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकामा सिफारिस गर्नेछ ।
- विपद् संवेदनशील सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक ३ वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ ।

खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

२.१ प्रकोपको पहिचान तथा स्तरिकरण

विजयनगर गाउँपालिकामा रहेका ७ वटा वडा स्तरमा गरिएको स्तरिकरणलाई समायोजन गर्दै स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिती र योजना तर्जुमा उपसमितीको छलफल तथा विश्लेषणको आधारमा समष्टिगत रुपमा गाँउपालिका भरि सबै भन्दा खडेरी पहिलो प्रकोपको रुपमा पहिचान भएको छ । यसै गरि कमशः बाढी तथा नदी कटान, आगलागी र शीतलहर, सर्पदंश, महामारी, लु (तातो हावा) र हुरीबतास र चट्याग रहेका छन । यद्यपि भुकम्प बडा स्तरको स्तरिकरणमा नआएको भए पनि विश्लेषण समुहले नेपालको भौगालिक बनावट तथा बिगतका ईतिहास र बैज्ञानिक तथ्यहरुको आधारमा हुनसक्ने जोखिम मध्येको एक भएकोले भुकम्पलाई समेत यहाँ बिपदको रुपमा राखिएको छ। तसर्थ यसको प्रभावकारी व्यवस्थापन र न्युनिकरण तथा अनुकुलन गर्न समुदायलाई मात्र नभई गाँउपालिकालाई ठुलो चुनौतिको रुपमा आएको छ ।

प्रकोप स्तरीकरणः

प्रकोप	आगलागी	ह्यवाहुरी	बाढी तथा नदी कटान	शीतलहर	चट्यांग	लु (तातो हावा)	खडेरी	सर्पदंश	महामारी
आगलागी	x	आगलागी	बाढी तथा नदी कटान	आगलागी	आगलागी	आगलागी	खडेरी	सर्पदंश	x
ह्यवाहुरी	x	x	बाढी तथा नदी कटान	शीतलहर	ह्यवाहुरी	लु (तातो हावा)	खडेरी	सर्पदंश	x
बाढी तथा नदी कटान	x	x	x	बाढी तथा नदी कटान	बाढी तथा नदी कटान	बाढी तथा नदी कटान	खडेरी	बाढी तथा नदी कटान	बाढी तथा नदी कटान
शीतलहर	x	x	x	x	शीतलहर	शीतलहर	खडेरी	शीतलहर	शीतलहर
चट्यांग	x	x	x	x	x	लु (तातो हावा)	खडेरी	सर्पदंश	महामारी
लु (तातो हावा)	x	x	x	x	x	x	खडेरी	सर्पदंश	महामारी
खडेरी	x	x	x	x	x	x	x	खडेरी	खडेरी
सर्पदंश	x	x	x	x	x	x	x	x	महामारी
महामारी	x	x	x	x	x	x	x	x	x
जम्मा अङ्क	५	२	७	५	१	२	८	४	३
स्तर	**तेश्रो**	**छैठौ**	**दोश्रो**	**तेश्रो**	**सातौ**	**छैठौ**	**पहिलो**	**चौथो**	**पाँचौ**

(स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजनाबाट साभार)

२.२ प्रकोप विश्लेषण

विपदको ऐतिहासिक समयरेखाको नमुना अध्ययनबाट प्राप्त तथ्यांकको विश्लेषण गर्दा बिगत ३० वर्षमा ११ जना मानिसको मृत्यु भएको छ । यी मध्ये बाढीबाट २ जना, आगलागीबाट ४, शीतलहरबाट ३, सर्पदंशबाट २ जना रहेको देखिन्छ । विस्तृत अध्ययन गरे मा यो संख्या अझै बढ्न सक्ने देखिन्छ ।

आर्थिक, भौतिकर मानवीय क्षतिको तुलना गर्ने हो भने आगलागीबाट धेरै भौतिक र बाढीबाट धेरै आर्थिक क्षति भएको देखिन्छ भने झाडापखालाबाट धेरै मानिसहरु प्रभावित भएको देखिन्छ ।नेपाल सरकार गृह मन्त्रालयको Nepal Disaster Risk Reduction Portal मा उल्लेख भए अनुसार सन २०११ अप्रिल देखि २०२२ अप्रिल ५ सम्मको रेकर्ड अनुसार कपिलवस्तु जिल्लामा घटेका ५५५ प्रकोपका घटनाहरु मध्ये ५५ वटा अर्थात ९.९ प्रतिशत घटनाहरु यस

गाउँपालिकामा भएको उल्लेख छ । यी घटनाहरुमा २ जना मानिसको मृत्यु भएको, ८ जना घाइते भएको, १३८ परिवार प्रभावित भएको, ३३ चौपाया र २०१ घर तथा गोठ नष्ट भएको र रु. ३३,१५,९००० बराबरको क्षति भएको उल्लेख छ । विजयनगर गाउँपालिकाको दक्षिण पश्चिमको भूभाग सीमाक्षेत्रमा रहेको अर्रा नदीको कटानको कारण भारतीय क्षेत्रतर्फ मिसिन गइरहेको छ । स्थानीय जानिफकारको अनुसार विगत १५ - २० वर्षको अवधिमा लगभग ७ सय हेक्टर भन्दा बढी जमीन कटान भइसकेको अवस्था छ ।

विजयनगर गाउँपालिकामा विध्यमान रहेका प्रकोपहरुलाई विश्लेषण गर्दा वर्षेनी रुपमा विसवा, अर्ना, चिराई, सुरई, भटनी नदीबाट आउने बाढी र त्यसबाट हुने नदीकटानबाट वडा नं १, २, ३, ४, ५, र ६ का लागी उच्च समस्याको रुपमा आएको देखिन्छ तथा वडा नं. ७ मा भने हावाबतास, आगलागी र असुरक्षित ईनार कारण असर परिरहेको तथा क्षति भएको पाईन्छ तथापी यी प्रकोपहरु अन्य ६ वटै वडाहरुमा पनि विध्यमान रहेका छन् र यिनीहरुले बर्षेनी ब्यापक मात्रामा हानी नोक्सानी गर्ने गरेका छन् ।। बर्षा, अतिबृष्टि, अनाबृष्टि निकासको समस्या, विपद् सम्बन्धि जनचेतनाको अभाव देखिनु; जलवायु परिवर्तन हुनु जस्ता यावत कारणहरुले गर्दा बाढी जाने गरेको तथा सबै बडाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ । यस बाहेक, यो गाँउपालिकाको वडा न. १, २, ३ र ४ प्रकोपको रुपमा खडेरी, बाढी तथा नदीकटान, आगलागी, शीतलहर, सर्पदंश र महामारीको तह उच्च रहेको पाईन्छ भने वडा न. ४, ५ र ६ मा मध्यम रहेको छ ।

वडा नं.	प्रमुख प्रकोप	प्रभावित बस्ती	प्रभावित परिवारहरु
१	खडेरी, चिराई, बिसवाखोला, अर्रा नदीबाट हुने बाढी तथा नदीकटान, हुरीबतास र आगलागी	नेउलागंज, जवाबैराठ,नयाँबस्ती, चाफा थरौली विद्यालय, थरौली	८७
२	खडेरी, आगलागी, हुरीबतास	तीनघरवा, जर्लैया	४२
३	खडेरी, सुरई नदी तथा भटनी खोलाको बाढी तथा नदीकटान, हुरीबतास, आगलागी	पत्थरदेइया, रामनगर, कडियार, महदेइया	१२०
४	खडेरी, सुरई नदी तथा भटनी खोलाको बाढी तथा नदीकटान, हुरीबतास, आगलागी	त्रिपालनगर (भूपू बस्ती, ज्योतिनगर), छिटही डिहवा, डगडौवा, देउपुरा, बर्गदवा, महिलबार	१२८
५	खडेरी, चिराई नदीबाट हुने बाढी तथा नदीकटान, हुरीबतास र आगलागी	कटनिया, नौरंगिया, डालपुर पुरानो बस्ती, बघमरवा शिवपुर मा.वि. डालपुर	९५
६	खडेरी, चिराई नदीबाट हुने बाढी तथा नदीकटान, हुरीबतास र आगलागी	छुटपाटी भाठा, बद्धौर, सेमरी	५७
७	खडेरी, हुरी बतास, आगलागी, असुरक्षित कुवा	लालपुर, गेडुवाजोत	४०
जम्मा			५८९

जलवायु परिवर्तनको असर

- वडा नं. २ मगरघट्टामा स्वचालित बोरिङ सुक्दै गएको,
- धेरै स्थानहरुमा जमीनमुनिको पानीको सतह घट्दै गएको पहिले ४० /५० फिटमा पाइने पानी अहिले १०० फिट भन्दा तल झरेको,
- गिडई, लोहटी, रामभोग, साठा, बगरी सरयाफुल, बिरन्ज जस्ता धानका बीउहरु लोप भएको ।
- गौथली(रायमुनिया), गौरैया/फुरगुद्दी(भंगेरा), गिद्ध जस्ता चराहरु कम हुँदै गएको ।

(तथ्यांक: स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजनाबाट साभार)

गाँउपालिका तथा वडाहरुका बिभिन्न किसिमका समुह, संघसंस्था तथा कार्यालयहरुले कार्यक्रम गरिहेको भएपनि निर्णायक तहमा महिला, फरक किसिमले सक्षम तथा विपन्न तथा दलित बर्गको सहभागीता कम पाईयो यद्यपी सहभागिताको हिसाबबाट प्रतिनिधी राखिएका भएपनि उनिहरुको भुमिका खासै नखोजिने कुरा छलफलको क्रममा पाईयो । गाँउपालिका भित्र सड्क सञ्जाल बिस्तारको स्थिति राम्रो देखिए पनि कतिपय ग्रामीण सडकहरु होचो, ग्राभेल नगरिएको, साँगुरो तथा आवश्यक मात्रामा कल्भर्ट नवनाईएकोले बर्षाको समयमा डुवान हुने तथा हिलाम्मे हुने आवत जावतमा समेत कठीनाई भैरहेको छ । जसका कारण बाढी बढी आइहालेमा समेत तत्काल राहत उद्धारका कार्य पनि प्रभावित हुनेछ र हुने गरेको पनि थियो । उत्पादनशिल जमीन भए पनि सिंचाईको असुविधा, रोग किराको आक्रमण, शितलहर, खडेरी तथा असिनाले लाखौ बराबरको नोक्सानी व्यहोर्नु परिरहेको छ । समुदाय स्तरमा बहुप्रकोपको व्यवस्थापन तथा 'विपद् तथा जलवायु परिवर्तन सम्वन्धि जनचेतनामा कमी देखिन्छ । स्थानिय समुदायमा बहुप्रकोप ब्यवस्थाजन तथा जलवायु अनुकुलन सम्बन्धि जनचेतना वृद्धि गरि विपद्संग सामना तथा जलवायु अनुकुलन गर्न सक्ने खेती प्रणाली सम्बन्धि क्षमताको विकास गर्न सके गाउपालिकामा बिपद तथा जलवायु परिवर्तको असर कम हुने तथा आर्थिक क्षति कम गर्न सकिने कुरालाई योजनाबद्ध तरिकाले सम्बोधन गर्न जरुरी देखिन्छ ।

२.३ गाँउ तथा वडाको संकटासन्नता स्तरिकरण

वडाहरुको संकटासन्न स्तरीकरण विगतमा भएको क्षति तथा भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर तयार गरिएको छ । बिगतमा भएका बिपद्का घटना तथा त्यसबाट भएको क्षतिको बिवरण समुह छलफलबाट आएको स्तरिकरण नतिजा तथा अन्य सुचनाहरु वडा कार्यालय तथा निर्वाचित प्रतिनिधिहरुको सुझाबको आधारमा गरिएको थियो । वडाको संकटासन्न स्तरीकरण गर्दा क्रमशः खडेरी, बाढी तथा नदी कटान, आगलागि, शीतलहर, सर्पदंश, महामारी, लु (तातो हावा) र हुरीबतास र चट्याग जस्ता प्रकोपको आधारमा स्तरीकरण गरिएको छ । यसै आधारमा विभिन्न प्रकोपका दृष्टिकोणले वडा र त्यस अर्न्तगत रहेका घर परिवार संकटासन्नता छन् भनेर स्तरीकरण निम्न वमोजिम गरिएको छ ।

वडा नं.	जोखिम रहेको स्थान र तह (१ –२ न्यून, □.१ –३ मध्यम र ३.१ –माथि उच्च)						सरदर अंक	तह
	खडेरी	बाढी तथा नदी कटान	आगलागी	शीतलहर	सर्पदंश	महामारी		
१	३.०	४.०	२.०	२.०	४.०	४.०	३.१६	उच्च
२	३.०	३.५	२.५	२.५	३.५	३.५	३.८	उच्च
३	३.५	४.०	४.०	३.५	२.०	३.०	३.३३	उच्च
४	३.०	४.०	३.०	२.८	१.५	२.५	२.८०	मध्यम
५	३.०	३.५	३.०	३.०	२.०	३.०	२.९१	मध्यम
६	३.५	३.०	३.०	३.०	२.०	२.५	२.८३	मध्यम
७	३.०	२.५	३.५	४.०	२.०	३.५	३.०८	उच्च

(तथ्यांकः स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजनाबाट साभार)

२.४ गाँउपालिकाको क्षमता विश्लेषण :

गाँउपालिकामा रहेको बिद्यमान सड्कटासन्तता र जोखिमको सामना गर्न, गाँउपालिकाले व्यवस्थापन गर्न सक्ने गाउपालिका भित्र वा बाहिर रहेका क्षमताहरु के कस्ता छन् भनेर पहिचान गर्दा तल उल्लेखित क्षमताहरु देखिएको छ ।

विजयनगर गाउँपालिकामा ३१ बालविकास केन्द्र सहित जम्मा ८३ वटा शैक्षिक संस्थाहरु छन् । यी मध्ये सामुदायिक विद्यालय २६ वटा, धार्मिक विद्यायलय(मदरसा) १७ वटा र निजि विद्यालय ९ वटा छन। यस गाउँ पालिकामा ५ वटा स्वास्थ्य संस्थाहरु रहेकाछन । यी मध्ये ५ वटा विद्यालय र ५वटा स्वास्थ्य संस्थाहरु विपदको समयमा आश्रय स्थल र स्वास्थ्य सेवा प्रवाहको लागि उपयोगमा ल्याउन सकिन्छ । यस गाउँपालिकामा १३ वटा सामुदायिक बन र १ वटा साझेदारी बन रहेका छन । यस गाउँपालिकामा साना ठुला गरी ३६ भन्दा बढी ताल तलैयाहरु रहेका छन, ति मध्ये ३० वटा १ हेक्टर भन्दा बढी क्षेत्रफलका रहेका छन । नदी किनारमा रहेका खाली जग्गा, बालुवा, गिट्टी, ढुंगा आदि प्राकृतिक स्रोतको रुपमा रहेका छन ।

यसका अलावा यस गाउँपालिकामा आपत्कालीन अवस्थामा काम गर्न सक्ने स्वयंसेवकहरु, प्रशिक्षित राहत, उद्धारकर्ता तथा सामाग्री वितरकहरु, एम्बुलेन्स, यातायातका साधनहरु, खाद्यान्न सामाग्रीहरु, लुगाफाटा तथा भाडाकुडाहरु पर्याप्त रहेको छ भने प्राथमिक उपचार तथा स्वास्थ्य सेवाको व्यवस्था, आकस्मिक सहयोग कोषको व्यवस्था गरिएको छ भने विपद पूर्वतयारी तथा प्रतिकार्यको लागि कार्यदलहरुको गठन पनि गरिएको छ तर बारुण यन्त्र, डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, इन्जिनियर, ओभरसियर जस्ता प्राविधिकरु, खोज तथा उद्धार सामाग्रीहरु (लाइफ ज्याकेट, ट्यूब, रसी, स्ट्रेचर, ...आदि), पानीट्यांकीहरु, आपत्कालीन संचार तथा विद्युत सेवाको व्यवस्था, आपत्कालीन अवस्थाको लागि आश्रयस्थल, पूर्वसचेतना संयन्त्र (Early Warning Mechanism)को स्थापना संबन्धि कुराहारुको ब्यापक अभाव रहेको छ तथा गठित विपद व्यवस्थापन समिति तथा कार्यदलहरुको क्रियाशिलता पनि एकदम नै न्युन रहेको छ । यी समिती तथा कार्यदलहरुलाई बर्षै भरी एउटा निश्चित अवधीमा विपद व्यवस्थापन तथा उद्धार संबन्धि तालिम वा पुर्नताजगी तालिम दिई उनीहरुलाई ब्यस्त राख्न जरुरी देखिन्छ साथै आवश्यक खोज तथा उद्धार सामाग्रीहरुको ब्यवस्थापनका लागी यस कुरालाई प्राथमिकतामा राखेर पालिकाले एउता निश्चित रकम विनीयोजन गर्नु पर्ने देखिन्छ र अपुग भएको सामाग्रीहरुका लागी पालिकामा कार्यक्रम संचालन गरीरहेका साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य गर्नु पर्ने देखिन्छ ।

खण्ड - ३ : विपद् संवेदनशील सामाजिक सुरक्षा योजनाः

३.१ नेपालमा सामाजिक सुरक्षा प्रणाली

नेपालमा सामाजिक सुरक्षाको अवधारणा दोस्रो विश्वयुद्धध पछि आरम्भ भएको पाइन्छ । पहिलो पटक वि.सं. १९९१ मा सैनिक द्रव्य कोषबाट सुरु भएको कल्याणकारी भुक्तानीको अवधारणाले वि.सं. १९९८ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमसेरले सैन्य पेन्सनका रूपमा विस्तारित गरेसँगै औपचारिकता पाएको देखिन्छ । वि.सं. १९९९ मा कर्मचारीको पेन्सनका अवधारणा कार्यान्वयनमा ल्याइएको थियो । त्यसपछि पनि विभिन्न लाभकारी कार्यक्रमहरूमार्फत सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालित भए पनि २०५० को दशकपछि नगद वितरणमा आधारित कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्न थालिएको हो ।

आर्थिक वर्ष २०५१/५२ बाट ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको रूपमा न्यूनतम मानबोचित जीवनयापनका लागि मासिक एक सय रुपैयाँ भत्ताबाट आरम्भ भएको नगदमा आधारित संरक्षण कार्यक्रमको दायरा विस्तार भई विगत दुई दशकमा लाभग्राही सङ्ख्या ३० लाख नाघेको छ । सामाजिक सुरक्षा भत्तामा मात्र सङ्घीय वार्षिक बजेट तथा कार्यक्रममार्फत रू. ६६ अर्बभन्दा बढी नगद प्रवाह हुने गरेको छ । अहिले आठ लक्षित समूहमा सामाजिक सुरक्षा भत्ताबापत नगद वितरण हुँदै आएको छ । विगत एक दशकमा मात्रै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको सङ्ख्या दोब्बर भएको छ । सबैभन्दा चिन्ताजनक तथ्याङ्क के हो भने लोककल्याणकारी राज्यको अवधारणा अनुरूप २०५२ सालमा वद्ध भत्ताबाट सुरू भएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समूहको सङ्ख्या विस्तारसँगै राज्यमा आश्चित ज्येष्ठ नागरिकको सङ्ख्या बढेर १३ लाख नाघेको छ । यस क्षेत्रमा राज्यको दायित्व बढ्दो क्रममा छ । जनताको औसत आयुमा भएको वृद्धि र लोकप्रियताका लागि गरिने राजनीतिक प्रतिबद्धताहरूका कारण आगामी वर्षहरूमा सामाजिक सुरक्षा भत्ताबापतको बजेट रकम अझ बढ्दै जाने निश्चित छ । हालै योगदानमा आधारित सामाजिक संरक्षणका योजनाहरू अगाडि सारिए पनि यसको दायरा निकै सानो छ । वर्तमान संरचना हेर्दा यसले सामाजिक सुरक्षा आवश्यक पर्ने जनसङ्याको थोरै प्रतिशत मात्रलाई समेट्न सक्ने देखिन्छ, जबकि बढ्दो दायित्वको आकार हेर्दा योगदानमा आधारित कार्यक्रम भविष्यका लागि निकै महत्वपूर्ण छ । यसैले हालका सामाजिक संरक्षणका कार्यक्रमलाई एकीकृत गरेर योगदानमा आधारित, सार्वजनिक-निजी साझेदारीमा आधारित कार्यक्रममा जोड दिनुपर्ने अवस्था छ। यसका लागि अल्पकालीन, मध्यम अवधिका र दीर्घकालीन दायित्वका कार्यक्रमको वर्गीकरण गरी सोहीअनुसार दायित्व हस्तान्तरण गरिन् वान्छनीय छ ।

सरकारी सेवाका निजामती कर्मचारी, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, सामुदायिक शैक्षिक संस्थाका शिक्षकसहित सेवाबाट सेवा निवृत्त हुने व्यक्तिको सङ्ख्या लगातार बढ्दै गएका कारण उनीहरूको सेवा निवृति पछिको भुक्तानी दायित्व पनि हरेक वर्ष बढ्दो क्रममा छ । आर्थिक वर्ष२०६७/६० मा सरकारी सेवाबाट सेवा निवृत्त कर्मचारी, सेना, प्रहरी, शिक्षकको सङ्ख्या १,२८,४१५ जना रहेकामा आर्थिक वर्ष २०७४/७५ मा २,५०,००९ पुगेको छ । हाल निवतिभरण सुविधा लिने कर्मचारी, सेना, प्रहरी र शिक्षकको सङ्ख्या अढाइ लाख नाघेको छ । यी दुवै शीर्षकमा जोडिएको कुल सामाजिक सुरक्षा खर्च पनि हरेक वर्ष वद्धि हुँदै गएको छ । यसले गर्दा नेपालमा सामाजिक सुरक्षा भत्ताको लागत वृद्धि हुँदै गइरहेको देखिन्छ । आर्थिक वर्ष २०७७/७५ मा कुल सामाजिक सुरक्षामा विनियोजन १८ अर्ब ०७ करोड रूपैयाँ भन्दा बढी छ । उल्लेखित बाहेक विभिन्न मन्त्रालय र निकायहरू अन्तर्गत भिन्दाभिन्दै स्वरूप र प्रकृतिका सामाजिक संरक्षणका कार्यक्रमहरू पनि सञ्चालित छन् । यस्ता कार्यक्रमहरूको सङ्ख्या ८० भन्दा अधिक छ ।

३.१.१ विजयनगर गाउँपालिकाको सामाजिक सुरक्षा भत्ताको अवस्था

नेपाल सरकारबाट सञ्चालनमा रहेको सामाजिक सुरक्षा भत्ताका लागि योग्यता अनुसार पहिचान गरिएका लाभग्राहीहरुलाई चौमासिक भुक्तानीको नियमित वितरणको व्यवस्था गरिएको छ । हरेक चौमासिकको चौथो महिनामा

भुक्तानीका लागी वडा अध्यक्षहरुले, भत्ता पाउने व्यक्तिहरुको नामावली अद्यावधिक गरी भुक्तानी प्रक्रिया अगाडि बढाउँदछन् । यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण तथ्यांक निम्न अनुसार रहेको छ ।

आर्थिक वर्ष : २०७७/७८

लक्षित समूह	गत आ.व. बाट नविकरण भएको संख्या(१)	पहिलो चौमासिक			दोस्रो चौमासिक			तेस्रो चौमासिक			वार्षिक कायम संख्या			जम्मा संख्या
		नयाँ थप संख्या(२)	लगत कट्टा(३)	जम्मा कायम संख्या (क=१+२.३)	नयाँ थप संख्या (४)	लगत कट्टा(५)	जम्मा कायम संया (ख=क+४-५)	नयाँ थप संख्या(६)	लगत कट्टा (७)	जम्मा कायम संख्या (ग=ख+६-७)	पुरुष	महिला	अन्य	
जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि)	१३०३	२४५	१६५	१३८३	३९	३७	१३८८	४६	१३४	१३५८	६५६	७०२	०	१३५८
जेष्ठ नागरिक भत्ता -दलित)	२०४	८९	७	२८६	१०	६	२९०	११	१४	२९४	१५०	१४४	०	२९४
जेष्ठ नागरिक एकल महिला	२४९	४३	२१	२७१	२०	७	२८४	११	९	२९०	०	२९०	०	२९०
विधवा - आर्थिक सहायता)	३०८	८६	२७	३६७	२३	७	३८३	१५	९	३९३	०	३९३	०	३९३
क बर्ग	३६	१९	७	४८	०	३	४५	२	६	४३	२५	१८	०	४३
ख बग(आर्थिक सहायता)	६०	२५	८	७७	५	२	८०	९	५	८३	५३	३३	०	८६
क्षेत्र तोकिएका बालबालिका	०	०	०	०	०	११	११	२४१०	४९	२३५०	१२०३	११४७	०	२३५०
दलित बालबालिका	३४०	२८३	७१	५५२	१००	५५	५९७	७७	८६	६२२	३१८	३०४	०	६२२
लोपोन्मुख जाति	४	०	०	४	०	०	४	०	०	४	२	२	०	४
जम्मा	**२५०७**	**७९०**	**३०६**	**२९९१**	**१९७**	**१२८**	**३०६०**	**२५८१**	**३१२**	**५४४०**	**२४०७**	**३०३३**	**०**	**५४४०**

सामाजिक सुरक्षा भत्ता पाउने जनसङ्ख्या

वडाहरु	१	२	३	४	५	६	७	जम्मा
सामाजिक सुरक्षा भत्ता पाउने जनसङ्ख्या	६१९	७८३	९९१	७७४	७६०	६३३	८८०	५४४०

३.२. विपद् संवेदनशील सामाजिक सुरक्षा :

विपद संवेदनशील सामाजिक सुरक्षा एउटा शब्दावली हो जुन आघातहरूमा ध्यान केन्द्रित गर्न प्रयोग गरिन्छ जसले जनसंख्याको ठूलो अनुपातलाई एकैसाथ असर गर्छ (ठुलो स्तरको विपदले ल्याएको आघात)। यसले ठूला-ठूला आघातहरू पछि सन्दर्भ र मागमा भएका परिवर्तनहरूसँग सामना गर्न नियमित सामाजिक सुरक्षा कार्यक्रमहरू र प्रणालीहरूको अनुकूलनलाई समेट्छ । आपतकालीन प्रतिकार्यको लागि राम्रो तयारी गर्नको लागि विपद पुर्व विपद

संवेदनशील प्रणालीहरू, योजनाहरू र साझेदारीहरू पहिले नै निर्माण गरेर वा विपद पश्चात, प्रभावित परिवारहरूलाई सहयोग गरेर हुन् सक्छ ।

हाल बिजयनगर गाउँपालिकाबाट संचालित सामाजिक सुरक्षा प्रणालीलाई विपद् संवेदनशील बनाउन सान्दर्भिक र आवश्यक देखिन्छ । हरेक वर्ष विजयनगर गाउँपालिका लगायत विभिन्न गैरसरकारी संस्था तथा दातृ निकायका श्रोतहरुबाट विपद् पश्चात नगद तथा जिन्सीमा आधारित सहयोग कार्यक्रम सञ्चालन हुने गर्दछ । समयमै विपद् संवेदनशीलताको अवधारणालाई अपनाएर हरेक वर्ष आउने बाढीको समय भन्दा पहिले नै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको खण्डमा बाढीको उच्च जोखिममा रहेको समुदायका परिवारहरुले सो रकमलाई बाढीको प्रभावबाट सुरक्षित हुन पूर्व तयारी गर्न उत्साहित गरी विपद् पछि दिइने राहत खर्चलाई कम गर्नमा टेवा पुऱ्याउने देखिन्छ । समग्रमा नगदमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अवधारणालाई अगाडि बढाउन बिजयनगर गाउँपालिकाले निम्न अनुसार पहल गर्ने योजना रहेको छ ।

सामाजिक सुरक्षा व्यवस्था सामान्य तथा विपद्, दुवै समयमा प्रभावकारी भएको कुरा अध्ययनले बताउँछ । आवश्यकता अनुसार सामाजिक सुरक्षा प्रणालीलाई स्थानिय आवश्यकता अनुसार परिमार्जित गर्दै लान सकिन्छ । बिजयनगर गाउँपालिकाको हकमा विभिन्न शीर्षकहरुमा उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ताले सम्बन्धित व्यक्तिको दैनिक खाद्य तथा पोषण, औषधोपचार र पर्वहरुका लागि चाहिने खर्चलाई मदत पुऱ्याएको देखिन्छ । तर भत्ताहरुको प्रयोग बाढी तथा सितलहर जस्ता नियमित प्रकोपले निम्त्याउने विपदको सामना गर्न कसरी प्रयोग भइरहेको छ भन्ने विषयमा अध्ययन गर्नु जरुरी देखिन्छ । यसै गरी सामाजिक सुरक्षा भत्ताको परिधिभित्र नपरेका तर कमजोर सामाजिक अवस्था र जलवायु परिवर्तनको प्रभाव लगायत अन्य प्राकृतिक प्रकोपबाट सिर्जित बाढी तथा डुबानको प्रभावको सामना गर्न आवश्यक नगद तथा जिन्सीमा आधारित सहयोग योजना नभएको अवस्थामा त्यसलाई कसरी संबोधन गर्ने भन्ने कुराको साथै पालिकाले संघिय सरकारबाट संचालित सामाजिक सुरक्षाका कार्यक्रम बाहेक आफनो श्रोतबाट संचालित विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरु पनि विपदमुखी रहेको नदेखिएकोले विपदलाई पनि प्राथमिकतामा राखेर त्यस्ता कार्यक्रमहरुलाई विपद् संवेदनशील बनाउनमा पहल होस भन्नु पनि यस योजनाको मुख्य उद्देश्य रहने छ ।

३.३ प्रक्रियाहरु (कुन बेलामा विपद् संवेदनशील सामाजिक सुरक्षा उचित हुन्छ?)

विपद संवेदनशील सामाजिक सुरक्षा सधैं भरि उचित बाटो नहुन सक्छ र त्यसको लागि हामीले विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउन अन्य दृष्टिकोणहरूको सट्टा विद्यमान सामाजिक सुरक्षा प्रणालीहरू प्रयोग र अनुकूलन गर्ने बीचमा निर्णय गर्नु पर्ने हुन्छ र त्यसको लागि प्रयोग गर्न सकिने मुख्य प्रक्रियाहरू निम्न छन् ।

- **आवश्यकताहरू पूरा गर्न (Meeting Needs)**: विपद् प्रभावितहरुका लागी मानविय कार्यक्रमले राम्रो लक्षित प्रतिकार्य मार्फत यसको अन्य विकल्पहरू भन्दा बराबर वा बढी प्रभाव प्रदान गर्दछ, थप पर्याप्त स्तरको सहायता गर्दछ, वा थप उपयुक्त प्रकृतिको सहायता उपलब्ध गराउदछ ।

- **जनसंख्याको समेट्याई (Coverage of Polupation)**: यसले जहिले पनि विपद्बाट प्रभावितहरुलाई प्राथमिकताका साथ समेट्नु पर्छ जसलाई आवश्यक सहयोगको खाचो छ र यसले ती सहायता आवश्यक भएकाहरुको संख्यालाई घटाउन सक्नु पर्छ ।

- **समयबद्धता (Timeliness)**: यसले प्रभावितहरूले सम्बोधन गर्न चाहेको आघातको लागि प्रयोग गर्ने सहायताहरु ढिलो उपलब्ध हुनबाट जोगिनका लागि संकटहरूमा समयमै प्रकारका प्रतिकार्यहरु समयमै हुने कुराको प्रत्याभूति दिनु पर्छ ।

- **पूर्वानुमान योग्यता (Predictability)** कार्यान्वयन गर्ने निकायहरूको लागि कोषको (Funding) र घरपरिवारहरूको लागि सहयोगको पूर्वानुमान गर्नु आवश्यक हुन्छ ।

- **दोहोपना (Duplication)**: यसले कार्यक्रम वितरण प्रणली तथा प्रक्रियाको दोहोरोपनालाई न्यून गर्न सक्नु पर्छ र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु बीच समन्वय गर्ने कार्यलाई बढाउन सक्नु पर्छ । जस्तै एउटै समुदायहरूमा धेरै निकायहरूबाट समान लक्ष्यीकरणका अभ्यासहरू सञ्चालन गर्दा श्रोत र समय खेर जाने कुरालाई मनन गर्दै त्यस्ता अभ्यासहरुलाई न्यून गर्नु पर्ने हुन्छ ।

- **दिगोपन (Sustainability)**: यसले संगठनात्मक क्षमतालाई सुदृढ तुल्याउँन सक्नु पर्छ र यसले सरकारको नेतृत्वमा रहेको प्रणालीहरूमा सम्मिलित हुन सक्नुका साथै यो दिर्घकालिन रुपमा दिगो पनि हुन सक्नु पर्छ ।

३.४ विपद् प्रतिकार्यका दौरान विपद् संवेदनशील सामाजिक सुरक्षा प्रणालीका विधीहरु/विकल्पहरु

विपद पश्चातको अवस्थामा नकारात्मक सामना गर्ने विकल्पहरू (Ulrichs and Slater 2016) को सहारा लिनु पर्ने कुरालाई घटाउदै, खाद्य सुरक्षालाई सहयोग गर्दै तथा गरिब घरपरिवारहरुमा विपदको आघातलाई सामना गर्ने क्षमतामा सकारात्मक प्रभाव पारेर सुरक्षा संजाल कार्यक्रमहरू राम्रोसँग दस्तावेजीकरण गरिएका हुन्छन । उत्थानशील क्षमताहरूको कुरा गर्ने हो भने, सुरक्षा संजालहरूले घरपरिवारहरुको विपद्संग सामना गर्ने क्षमतालाई सहायता गर्दै सबैभन्दा बलियो प्रभाव देखाएका छन् । ठुलो विपदबाट उत्पन्न आघातको सन्दर्भमा, सुरक्षा संजाल कार्यक्रमहरूले घरपरिवारहरूलाई प्राय विनाशकारी प्रभावहरूको सामना गर्नका निम्ति मद्दत गर्न असाधारण रुपले सहयोग गर्न सक्छन् ।

ओ ब्रायन र सहयोगीहरुहरुले २०१८मा ल्याएको विपद संवेदनशील सामाजिक सुरक्षा ढाँचामा उनीहरुले पाँच सम्भावित विधीहरूको रुपरेखालाई प्रस्तुत गरेका छन् जसमा विद्यमान् सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई ठुलो स्तरको विपदबाट उत्पन्न आघातको प्रतिकार्यमा प्रयोग गर्न सकिन्छ र जसलाई एकल समाधानको रूपमा वा संयोजनमा अपनाउन सकिन्छ (धेरै सामाजिक सुरक्षा कार्यक्रमहरू लगायत)। :

- **श्रोत, साधन तथा समयमा फेरबदल वा डिजाइन ट्विक्स (Design Tweaks):** यो एउटा नियमित सामाजिक सुरक्षा कार्यक्रममा गरिने स-साना समायोजनहरू हुन् । विपदको आघातको दौरानमा तिनीहरूले विद्यमान लाभग्राहीहरूको लागि नियमित सेवा कायम राख्न सेवाहरुको नियमहरुमा लचिलोपना प्रदान गर्न सक्छन् (उदाहरणका लागि, पुर्व स्वीकृत सर्तहरूमा छुट दिएर, कर चुक्ता गर्ने अवधीलाई बढाएर)। वैकल्पिक रूपमा, कार्यक्रमको समेट्याई, समयबद्धतालाई समायोजन (उदाहरणका लागि, भुक्तान तालिका परिवर्तन गरेर), मार्फत तिनीहरूले संकटमा बढ्न सक्ने जोखिमहरूलाई सम्बोधन गर्न सक्छन् ।

- **विद्यमान कार्यक्रममा समय तथा पैसाको बढोत्तरी वा ठाडो विस्तार (Vertical Expansion)**: यो भनेको विद्यमान लाभग्राहीहरू अतिरिक्त आवश्यकताहरू पूरा गर्न सामाजिक सुरक्षा कार्यक्रमको मान (Value) वा अवधिलाई अस्थायी रुपमा वृद्धि गर्नु हो । त्यस्ता ठाडो विस्तारहरूलाई सान्दर्भिक बनाउनका लागि, कार्यक्रम वा कार्यक्रमहरूले विपद् प्रभावित क्षेत्रका साथ साथै सहयोगको अति आवश्यकता भएका परिवारहरूलाई पनि राम्रो संग समेटेको हुनुपर्छ ।

- **विद्यमान कार्यक्रममा लाभग्राहीहरुको बढोत्तरी वा तेर्सो विस्तार (Horizontal Expansion):** यसमा भौगोलिक समेट्याईलाई विस्तार गरेर, विद्यमान क्षेत्रहरूमा थप योग्य परिवारहरूको दर्ता, वा दर्ता प्रक्रियाहरुलाई परिवर्तन

गर्दै विपद्बाट प्रभावित समुदायहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा नयाँ लाभग्राहीहरूलाई अस्थायी रुपमा समावेश गरिन्छ ।

- **उपलब्ध तथ्यांक तथा प्रणालीको प्रयोग वा पिग्गीब्याकिङ (Piggy Backing)**: यो त्यस बेला हुन्छ जब आपतकालीन प्रतिकार्यको क्रियाकलापहरुले केहि नयाँ कुरा प्रदान गर्दा स्थापित प्रणाली वा कार्यक्रमको अंशलाई प्रयोग गर्दछ । ठ्याक्कै कुन प्रणाली वा कार्यक्रमको कति तत्वहरूलाई प्रयोग गरिन्छ भन्ने कुरा अवस्था हेरी फरक हुन सक्छ; उदाहरणका लागि, एक विशेष कार्यक्रमको लाभग्राहीहरुको सूची, यसको कर्मचारी, राष्ट्रिय तथ्यांक, वा एउटा विशेष भुक्तानी संयन्त्र आदि हुन सक्छ ।

- **थप मानवीय सहायताको समानान्तर परिचालन वा मिलानले (Shadow Alignment):** पहिले नै विद्यमान वा योजनाबद्ध र मिल्दोजुल्दो तत्वहरूसँग दुईलाई एकीकृत नगरी नया कार्यक्रम तर्जुमा गर्ने बारेमा वर्णन गर्दछ । उदाहरणको लागी, उद्देश्य, लक्ष्य विधि, हस्तान्तरणको मूल्य, वा वितरण संयन्त्रको पङ्क्तिबद्धता हुन सक्छ । सरकारहरूले आफ्नो प्रणालीलाई मानवीय निकायहरूको आवश्यकता अनुसार पङ्क्तिबद्ध गर्न सक्छन्, किनभने विद्यमान कार्यक्रमहरु संकटको समयमा आवश्यकता अनुसार (O'Brien et al.2018) क्रियाशील नहुन सक्छ वा यस्ता कार्यक्रहरु अझै तर्जुमा नभएको पनि हुन् सक्छ ।

प्रकोप प्रभावित क्षेत्रहरुमा सुरक्षा संजाल विद्यमान छ र यसले प्रभावित घरपरिवारहरूलाई राम्रोसंग समेटेको छ भने विपद्जन्य आघातबाट प्रभावित विद्यमान लाभग्राहीहरूलाई थप सहायता उपलब्ध गराउनमा विद्यमान कार्यक्रममा समय तथा पैसाको बढोत्तरी वा ठाडो विस्तारको विधीले अपेक्षाकृत सरल विधिको रुपमा कार्य गर्न सक्छ ।

३.५ विपद् संवेदनशील सामाजिक सुरक्षा योजना (२०७९ -२०८२)

खण्ड २ मा यस पालिकामा विध्यमान प्रकोप र त्यसले ल्याईरहेका विपद्का कैयन घटनाहरुले पालिकाका वास्तवमै विपद्बाट अति प्रभावित रहेको र विभिन्न स्थानहरुमा धेरै धनजनको नोकसानी गरीरहेको तथ्यलाई मध्यनजर राख्दै तथा खण्ड ३ मा यस पालिकामा हाल संचालित सामाजिक सुरक्षाका कार्यक्रमहरुले विध्यमान विपदको समस्यालाई संबोधन गरेको नदेखिएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई विपद्मुखी बनाउन सकिएको अवस्थामा विपद संवेदनशील सामाजिक सुरक्षाको अवधारणालाई कार्यान्वयन गराउनमा बल पुरयाउनका निम्ती यो विपद संवेदनशील सामाजिक सुरक्षा योजनालाई तर्जुमा गरीएको छ ।

	योजना	समयावधी			जिम्मेवार निकाय	सहयोगी निकाय	टिप्पणी
		पहिलो वर्ष	दोश्रो वर्ष	तेश्रो वर्ष			
सुचना तथा तथ्यांक प्रणाली (Information and data system)							
१	गरीव घरधुरी पहिचान गरी अति बिपन्न, मध्यम बिपन्न र सामान्य बिपन्न परीवार पहिचान गरी तथ्यांक प्रयोग योग्य बनाउने				बिजयनगर गाउँपालिका		
२	मानविय श्रोत तथा सवयंसेवकहरुको रोष्टर निर्माण गरी उनीहरुको तथ्यांक राख्ने				बिजयनगर गाउँपालिका		
३	प्रकोप प्रभावित तथा संकटासन्न र विपन्न घरधुरीहरुको तथ्यांक संकलन गर्ने वा अध्यावधिक गर्ने ।				बिजयनगर गाउँपालिका		
४	स्थानिय बजारहरुको लेखाजोखा गरी तथ्यांक राख्ने (Market Mapping)				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडक्स	नगदमा आधारित कार्यक्रमका लागि बजारको क्रियाशिलता (Market functionality for CTP)
५	गाउँपालिकाको जोखिमको लेखाजोखा गर्ने वा अध्यावधिक गर्ने (Risk Profiling)				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडक्स	
६	विभिन्न वस्तुहरुको आपुर्तीकर्ताहरुका (Vendors) तथ्यांक संकलन गरी उनीहरुको लगत राख्ने				बिजयनगर गाउँपालिका		
७	सबै सकलन गरीएको तथ्यांकहरुलाई सुचना तथा तथ्यांक प्रणालीमा समाविष्ट गर्ने				बिजयनगर गाउँपालिका		
८	सकलन गरीएको तथ्यांकहरुलाई एउटा निश्चत अवधीमा अध्यावधिक गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	

९	तथ्यांक सकलन तथा सुचना तथा तथ्यांक व्यवस्थापन प्रणाली संबन्धि तालिम संचालन गर्ने (कार्यदल, विपद् व्यवस्थापन समितीका सदस्यहरु त्था सुचना प्रविधी कर्मचारीहरुलाई)				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडक्रस	
	पालिकाको सुचना प्रणालीलाइ केन्द्रिय विपद् पोर्टलसंग जोड्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	गरीब तथा विपद् संकटासन्न घरधुरीहरुको तथ्यांकको (भूस्थानिक तथ्यांक सहित) उपलब्धता । Poor HH with all the data (such as geospatial data) available
१०	पालिकाको सुचना प्रणालीको पहुच, जल तथा मौसम विभागको मौसम पुर्वानुमान तथा सुचना प्रणालीको सुचनामा पुर्याउने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	पुर्व कियाकलापको शुरुआत गर्न सुचनाको उपलब्धता। Availability of information for initiating early Action.
	जोखिम सुचित कार्यक्रम (Risk informed programs)						
१	विपद संवेदनशील सामाजिक सुरक्षाको अवधारणालाई योगदान हुने आवश्यक नीतिको निर्माण गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडक्रस	यस्ता .नीतिहरुले विपद्/आघात आएको समयमा विजद् संवेदनशील सामाजिक सुरक्षाको एउटा विधी मध्ये "*श्रोत, साधन तथा समयमा फेरबदल वा डिजाइन ट्विक्स*" लाई सहजीकरण गर्नेछ । This will facilitate the

							approach of design tweaks in the face of disaster/shocks
२	वर्तमान सामाजिक सुरक्षा कार्यक्रमलाई विपद संवेदनशील बनाउने ऐन तथा कार्यविधीहरु बनाउने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	
३	विपद संवेदनशील सामाजिक सुरक्षा संबन्धि कार्यसंचालन विधी तथा निर्देशिका बनाउने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	
४	विपद संवेदनशील सामाजिक सुरक्षा संबन्धि तालिमको मोड्युल बनाउने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	
५	मानविय श्रोत तथा सवयंसेवकहरु, कार्यदल, विपद् व्यवस्थापन समितीका सदस्यहरु तथा सुचना प्रविधी कर्मचारीहरुलाई विपद संवेदनशील सामाजिक सुरक्षा संबन्धि तालिमको व्यवस्था गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	
६	मानविय श्रोत तथा सवयंसेवकहरु, कार्यदल, विपद् व्यवस्थापन समितीका सदस्यहरु तथा सुचना प्रविधी कर्मचारीहरुलाई स्फियर (SPHERE), मुलभुत मानवीय मापदण्ड (CHS), मानवीय समावेशिताका मापदण्ड (Humanitarian inclusion standard) र नगदमा आधारित कार्यक्रम (नगद हस्तान्तरण) (Cash-based programming) संबन्धि तालिम प्रदान गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडक्रस	
७	विध्यमान सामाजिक सुरक्षाका लाभग्राहीहरुको कभरेजलाई तिब्र गतिमा बडाउने				बिजयनगर गाउँपालिका		
८	एकिकृत पंजीकरण प्रणालीको विकास गरी सामाजिक सुरक्षामा योग्य नागरिकलाई समावेश गर्ने				बिजयनगर गाउँपालिका		
९	संघिय सामाजिक सुरक्षाको अवधारणालाई आत्मसात गर्दै स्थानिय स्तरमा विपद्लाई केन्द्रमा राखेर छाया सामाजिक सुरक्षा कार्यक्रम चलाउने				बिजयनगर गाउँपालिका		विपद्/आघात आएको समयमा विजद् संवेदनशील *"सामाजिक सुरक्षाको एउटा विधी मध्ये थप मानवीय सहायताको समानान्तर परिचालन"* लाई सहजीकरण गर्नेछ ।

							Shadow alignment
१०	विध्यमान सामाजिक सुरक्षाका लाभग्राहीहरुका तथ्यांकलाई प्रयोग गरी परिदृष्यमा आधारित विपद संबन्धि नमुना अभ्यासहरु एउटा निश्चित अवधीमा गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडकस	उपलब्ध तथ्यांक तथा प्रणालीको प्रयोग वा पिग्गीब्याकिङलाई प्रयोग गरी पाइलटिंग गर्ने। Piloting SRSP converging SP with DRM-Piggybacking.
११	विपदको अवस्थालाई मध्ये नजर राख्दै बिस्तार गर्न सक्ने गुण भएको (Scalability feature) जोखिम् सुचित कार्यक्रमहरु (Risk Informed Programs) निर्माण गर्न पहल गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडकस	विद्यमान कार्यक्रममा समय तथा पैसाको बढोत्तरी वा ठाडो विस्तार तथा विद्यमान कार्यक्रममा लाभग्राहीहरुको बढोत्तरी वा तेर्सो विस्तारलाई अगाडी बढाउन उपाय । Availability of gateway for implementing vertical and horizontal expansion approach for response.
१२	सम्भावित विपद्को घटनालाई मध्यनजर गरी, पहिचान गरीएका अति विपन्न, मध्यम विपन्न र सामान्य बिपन्न घरधुरीमा केन्द्रित सहयोगका कार्यक्रमहरु संचालन गर्ने				बिजयनगर गाउँपालिका		
	जोखिम्का लागी वित्तिय व्यवस्थापन प्रणाली (Risk financing management system)						
१	पहिचान गरिएको पुर्वानुमानित विपद्को लेखाजोखाको				बिजयनगर गाउँपालिका	साझेदार संस्था	

	आधारमा रकम विनियोजन गर्न सकिने वित्तिय रणनीति र नीतिहरुको निर्माण गर्ने						
२	पुर्वानुमानित विपद्बाट हुन सक्ने क्षतिलाई न्युन गर्न जोखिम्का लागी वित्तिय व्यवस्थापनको अवधारणाको पहल गर्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था	विपद् जोखिम्का लागी वित्तिय व्यवस्थापन नीतिको निमार्ण (Development of Disaster risk financing)
३	जोखिम् हस्तान्तरणका क्रियाकलापहरुलाई पहल गर्ने (जस्तै बाली बिमा आदि)				बिजयनगर गाउँपालिका		
	संस्थागत समन्वय र सहकार्य (Institutional coordination and cooperation)						
१	केन्द्र, प्रदेश, जिल्ला स्थित निकायहरुसंग विपद व्यवस्थापन तथा सामाजिक सुरक्षाको सवालमा निरन्तर सहकार्य र समन्वय गर्ने				बिजयनगर गाउँपालिका		
२	आपात्कालिन अवस्थालाई ध्यानमा राख्दै मानवीय प्रतिकार्यलाई प्रभावकारी बनाउन विभिन्न निकायहरु जस्तै वित्तिय प्रतिष्ठानहरु (बैंक, मनि ट्रान्सफर), आपुर्तीकर्ता, दातृनिकायहरु संग रणनैतिक साझेदारी गर्न समझदारी गर्ने				बिजयनगर गाउँपालिका		
३	पालिका भित्रै पनि अन्तर शाखाहरु बीच पनि सहकार्य र समनवयको अभ्यासलाई बढावा दिने				बिजयनगर गाउँपालिका		
४	आपात्कालिन अवस्थालाई ध्यानमा राख्दै मानवीय प्रतिकार्यलाई प्रभावकारी बनाउन गठन गरिएका मानविय श्रोत तथा सवयंसेवकहरु, कार्यदल, विपद् व्यवस्थापन समितीका सदस्यहरुलाई विपद् पश्चातको अवस्थामा यथाशिघ्र परिचालन हुने अवस्थामा राख्ने				बिजयनगर गाउँपालिका	साझेदार संस्था, रेडकस	विपद् प्रभावित घरपरिवारहरुलाई मानवीय सहयोग उचित र कम समयमा प्रभावकारी ढंगबाट गर्न सकिने ।

३.६ कार्यशाला गोष्ठीको फोटाहरु: